# अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ३** **संख्याः ३** **मितिः २०७९/१०/२४**

**भाग- २**

**अन्नपूर्ण गाउँपालिका**


## प्रारम्भिक बालविकास सहजकर्ताको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, २०७९

पाठ्यक्रमको रुपरेखालाई निम्न अनुसार विभाजन गरिएको छ -

| भाग | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|
| १ | लिखित परीक्षा (Written Examination) | १०० | ४० | ३ घण्टा |
| २ | अन्तरवार्ता (Interview) | २५ | | ३० मिनेट |

## परिक्षा योजना (Examination Scheme)

### १. लिखित परीक्षा- (First Phase)

| खण्ड | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| क. | शिक्षा सम्बन्धी आधारभुत ज्ञान | ४० | वस्तुगत | २० प्रश्न × २ अंकभार | ३० मिनेट |
| ख. | शिक्षण विधि र शैक्षणिक प्रविधि | ६० | विषयगत | १२ प्रश्न × ५ अंकभार | २ घण्टा ३० मिनेट |

### २. अन्तरवार्ता (Second Phase)

**खण्ड क**

| क्र.स. | न्युनतम शैक्षिक योग्यता | माथिल्लो शैक्षिक योग्यता | शिक्षण अनुभव | जम्मा |
|---|---|---|---|---|
| १ | प्रथम श्रेणीः३ | प्रथम श्रेणीः २ | प्रत्येक वर्ष ०.५ अंकका दरले जम्मा ५ अंक | १० अंक |
| २ | द्वितीय श्रेणीः२ | द्वितीय श्रेणीः १ | | |
| ३ | तृतीय श्रेणीः० | तृतीय श्रेणीः ० | | |

**खण्ड ख**

| व्यक्तित्व / आचरण | विषयवस्तुको ज्ञान | पेसागत सीप / कला | प्रविधिको ज्ञान | प्रस्तुतीकरण | जम्मा |
|---|---|---|---|---|---|
| २ | ४ | ४ | ३ | २ | १५ अंक |

**पुनश्चः**

- जम्मा १५ अंकमा ३५% (५.२५) भन्दा कम वा ७०% (१०.५) भन्दा बढि अंक दिनुपरेमा स्पष्टीकरण खुलाउनुपर्ने।
- कम्तिमा ३ सदस्यीय अन्तरवार्ता समितिको औसत अंक गणना गरिने।

### खण्ड कः शिक्षासम्बन्धी आधारभुत ज्ञान

१.नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्म)

२. राष्ट्रिय शिक्षा पद्वतिको योजना,२०२८

३.शिक्षक सक्षमताको प्रारुप,२०७२

४.राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

५. विद्यालय सामाजिक परीक्षण मापदण्ड २०७८

६. विद्यालय सुधार योजना

७. पाट्यक्रमको परिचय, निर्माण प्रक्रिया र तत्वहरु

८. प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७

९. प्रारम्भिक बालविकास रणनिति २०७७-८८

१०.शैक्षिक सामाग्रीको परिचय, महत्व र प्रकार

११. बाल मनोविज्ञानको अवधारणा ,बाल वृद्धि र विकास

१२. पूर्वबाल्य अवस्थाको परिचय ,विकासात्मक पक्षहरु र सिकाइसँग सम्बन्धित विशेषताहरु

१३. कार्यमुलक अनुसन्धान

१४.अभिभावक शिक्षा

१५.नेपालको विद्यालय शिक्षाको तहगत संरचना

१६.नेपालको संविधान २०७२ मा भएको बालविकास तथा शिक्षा सम्बन्धि व्यवस्था

१७. शिक्षा ऐन ,२०२८ मा भएको बालविकास तथा शिक्षा सम्बन्धि व्यवस्था

१८. शिक्षा नियमावली ,२०५९ मा भएको बालविकास तथा शिक्षा सम्बन्धि व्यवस्था

१९. गाउँपालिका शिक्षा ऐन, २०७७

२०. गाउँपालिको स्थानिय पाठ्यक्रम,२०७७

२१. अनिवार्य तथा निशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७

२२. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा भएको शिक्षासम्बन्धि व्यवस्था

२३.शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (श्रव्य,दृश्य तथा अन्तरक्रियात्मक डिजिटल सिकाइ सामग्री)

**खण्ड खः शिक्षण विधि र शैक्षणिक प्रविधि**

१.कक्षाकोठा व्यवस्थपन (अवधारणा र महत्व कक्षाकोठाको वातावरण र बसाई व्यवस्थापन)

२.शैक्षणिक व्यवस्थापन (कक्षा शिक्षण ,विषय शिक्षण र बहुकक्षा शिक्षण, कक्षाकोठामा विविधता व्यवस्थापन (भाषिक, सामाजिक, सिकाइ क्षमता,बौद्धिक र शारिरीक)

३.मानव वृद्धि र विकास (वृद्धि र विकासको अवधारणा ,मानव विकासको विशेषताहरु र चरणहरु)

४.सिकाइ (सिकाइको अर्थ ,स्वरुप र शैलिहरु,परिपक्कता र सिकाइ बीचको अन्तर सम्बन्ध)

५.शैक्षणिक प्रविधि (अर्थ, परिभाषा, महत्व , वर्तमान अभ्यास ,व्यवस्थापन र प्रयोग

६.बालमैत्री विद्यालय (अवधारणा ,मापदण्ड र सुचकहरु)

७.प्रारम्भिक बालविकास तहमा प्रयोग हुने शिक्षण विधि,शैक्षिक सामाग्रीहरु,र शिक्षण सिकाइ क्रियाकलाप

८.परीक्षा र मुल्याङ्कन (अवधारणा उद्वेश्य ,प्रकार) प्रारम्भिक बालविकास तहमा प्रयोग गर्न सकिने मुल्याङ्कन प्रणाली

९.स्थानीय पाठ्यक्रम (पाठ्यक्रमको परिचय, महत्व, निर्माण प्रक्रिया र प्रयोग)

१०. गाउँपालिकाको स्थानिय पाठ्यक्रम "२०७७" (परिचय, महत्व, निर्माण प्रक्रियाँ र प्रयोग)

११.प्राथमिक उपचार (परिचय,महत्व,घर, विद्यालय र खेल मैदान हुने दुर्घटना , प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपाएहरु, धुम्रपान मध्यपान र लागु पदार्थको दुव्यर्सनबाट व्यक्ति, परिवार र समाजलाई पर्ने असर र यसबाट बच्ने उपाए)

१२.नागरिक सचेतना (नागरिक शिक्षा, नागरिकका मौलिक हक र अधिकार, नेपालको राज्य संरचना) संघ,प्रदेश,स्थानीय र स्थानीय तहहरुको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

**द्रष्टव्यः**

- खण्ड क को प्रत्येक एकाइबाट एक/एक प्रश्न गरी २० वटा बहुवैकल्पिक प्रश्न र खण्ड ख को प्रत्येक एकाइबाट एक/एक प्रश्न गरी १२ वटा विषयगत प्रश्नहरु सोधिने छ।
- प्रत्येक खण्डका लागि अलग-अलग उत्तरपुस्तिका प्रयोग गर्नुपर्ने छ।
- लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी वा दुवै हुन सक्ने छ।
- यो पाठ्यक्रम मिति........................ देखि लागू हुने छ।

**नमुना प्रश्नहरु**

**वस्तुगत नमुना प्रश्नहरु**

**क) सहि विकल्पमा √ चिन्ह लगुनुहोस।**

१. दरबार हाईस्कुलमा सर्वसाधरण जनताका छोराले प्रवेश पाउने व्यवस्था कहिले देखी भएको हो ?

क) वि.स.१९३२ ख) वि.स.१९४२ ग) वि.स. १९४३ घ) वि.स. १९४५

२. राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ अनुसार शिक्षाको संरचना कुन हो ?

क) ३+४+३ ख) ५+२+३ ग) ५+३+२+२ घ) ८+४

३.शिक्षक सक्षमता प्रारुप २०७२ अनुसार शिक्षकका लागी कति वटा सक्षमता निर्धारण गरिएको छ ?

क) ५ ख)९ ग)८ घ)१०

४. राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम (२०१४/१५-२०१९/२०) कुन कक्षाका बालबालिकाको पढन सिप विकासमा जोड दिएको छ ?

क) कक्षा १-२ ख) कक्षा १-३ ग) ४-५ घ)१-५

५.विद्यालय सामाजिक परिक्षण मापदण्ड, २०७८ शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मन्त्री स्तरिय निर्णय बाट कहिले स्वीकृत भएको हो ?

क) वि.स.२०७८/०२/२६ ख) वि.स. २०७८/०३/२६

ग) वि.स. २०७८/०२/३० ग) वि.स. २०७८/०२/३१

६.विद्यालय सुधार योजना विद्यालयमा बनाईने कस्तो खालको योजना हो?

क) नियमित ख) आवधिक ग) दिर्घकालिन घ) अल्पकालिन

७."पाठ्यक्रम सिकाईको एक योजना हो" यो भनाई कुन पाठ्यक्रम विदको हो?

क) हिल्डा तावा ख) क्रो एण्ड क्रो ग) टायलर घ) जोन डिवे

८. प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम, २०७७ ले पठन पाठन तथा विकासात्मक कार्यकलापका लागि

दैनिक कति समय निर्धारण गरेको छ ?

क) ४ घण्टा ३० मिनेट ख) ४ घण्टा

ग) ३ घण्टा ३० मिनेट घ) ४ घण्टा १५ मिनेट

९. शिक्षा विद् कोबुनका अनुसार सबै भन्दा धैरै सिकाई तलका मध्ये कुन बाट हुन्छ ?

क) दृष्टि ख) श्रवण ग) स्पर्श घ) स्वाद

१०.सर्जनात्मक उमेर भनेर कुन उमेर समुहलाई बुझाउँछ ?

क) प्रारम्भिक शिशु अवस्था ख) शिशु अवस्था

ग) उत्तर बाल्य अवस्था घ) प्रारम्भिक बाल्य अवस्था

११. आमा बाबुले पुर्व बाल्य अवस्थालाई के नामले पुकारने गर्दछन ?

क) पुर्व विद्यालयको उमेर ख) नक्कल पार्ने उमेर

ग) सताउने वा दुःख दिने उमेर घ) खेलौनाको उमेर

१२."मैले शिक्षण गरेको विषयमा विद्यार्थीको सिकाई उपलब्धिमा सुधार ल्याने उपायहरु के के हुन सक्छन"? यो भनाई तलका मध्ये के संग सम्बन्धित छ ?

क) कार्यमुलक अनुसन्धान ख) विधालय सुधार योजना

ग) शिक्षण सिकाई योजना घ) दैनिक पाठयोजना

१३.आफ्ना बालबालिकालाई जिम्मेवार बनाउन तलका मध्ये कस्को महत्वपूर्ण भुमिका रहन्छ ?

क शिक्षक ख) समुदाय ग) अभिभावक घ)विद्यालय

१४. आधारभुत तह कक्षा (१-३),२०७६ को पाठ्यक्रम २०७६ ले प्रारम्भिक बालशिक्षामा विषयगत सिप सिकाईका क्षेत्रका लागी वार्षीक कति घण्टा पठन पाठन गरिने व्यवस्था गरिएको छ ?

क) १९२ घण्टा ख) २५६ घण्टा

ग) ३८४ घण्टा घ) ५७६ घण्टा

१५. वि.स.२०७२ मा संविधान सभाले निर्माण गरेको नेपालको वर्तमान संविधानको सहि नाम के हो ?

क) नेपालको संविधान ख) नेपालको संविधान २०७२

ग) नेपालको मुल कानुन २०७२ घ) नेपालको अन्तरिम संविधान

१६. शिक्षा ऐन, २०२८ अनुसार पूर्व प्राथमिक विद्यालय भन्नाले के बुझिन्छ?

क) चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्रारम्भिक बाल शिक्षा दिइने विद्यालय।

ख) तिन वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्रारम्भिक बाल शिक्षा दिइने विद्यालय।

ग) पाच वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्रारम्भिक बाल शिक्षा दिइने विद्यालय।

घ) माथिका सबै

१७. शिक्षा नियमावली, २०५९ अनुसार पूर्व प्राथमिक विद्यालय खोल्न चाहनेले शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तिमा कति समय अगावै अनुसुची-२ को ढाँचामा निवेदन गाउँपालिका वा नगरपालिकामा दिनुपर्नेछ?

क) एक महिना ख) दुई महिना ग) तिन महिना घ) चार महिना

१८. Computer शब्दको उत्पत्ति कुन भाषाबाट आएको हो ?

क. ग्रीक ग. अंग्रेजी

ख. ल्याटिन घ. स्पानिस

१९. स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) ज मा गाउँपालिका वा नगरपालिकाका शिक्षा सम्बन्धी कति वटा अधिकार उल्लेख गरिएको छ ?

क)१७ ख)३१ ग)२३ घ)२२

२०. कम्प्युटरको माध्यम बाट पत्र, दस्तावेज, ग्राफिक्स आदि एक ठाउँबाट अर्को ठाउँमा पठाउने माध्यमलाई के भनिन्छ?

क) च्याट ख) पावर प्वाइन्ट ग) मेसेन्जर घ) ईमेल

**ख) विषयगत नमुना प्रश्नहरु**

१.कक्षा कोठा व्यावस्थापन भनेको के हो ? प्रारम्भिक बाल शिक्षाको कक्षा व्यवस्थापन कसरी गर्न सकिन्छ लेख्नुहोस। २+३

२.कक्षाकोठामा विविधताको व्यवस्थापन कसरी गर्न सकिन्छ ? लेख्नुहोस। ५

३. प्रारम्भिक बाल्य अवस्थाका विशेषता लेख्नुहोस। ५

४. परिपक्कता र सिकाई बिच फरक देखाउनुहोस। ५

५. प्रारम्भिक बालविकास शिक्षाका बालबालिकाहरु भनेका सेतो कागज जस्तै हुन् भनिन्छ।' एक असल प्रारम्भिक बालविकास शिक्षाका सहजकर्तामा हुनुपर्ने ब्यक्तिगत, शैक्षिक र पेशागत गुणहरुलाई बुदागत रुपमा प्रस्तुत गर्नुहोस्। ५

६. बालमैत्री विद्यालय भनेको के-हो ? प्रारम्भिक बालविकास केन्द्र स्थापना गर्न चाहिने मुख्य पूर्वाधारहरु उल्लेख गर्नुहोस। २+३

७. शैक्षिक सामग्रीको उपयोगिता उल्लेख गरि प्रारम्भिक बालविकास तहमा प्रयोग गर्न सकिने कुनै ३ वटा शैक्षिक सामग्रीको नाम लेख्नुहोस। २+३

८. कतिपय बालबालिका आधुनिक प्रविधिमा शिक्षकभन्दा पनि अब्बल देखिन्छन। एक नमुना बालविकास सहजकर्ताको लागि सूचना तथा सञ्चार प्रविधि (ICT) को महत्व उल्लेख गर्नुहोस। ५

९. स्थानिय पाठ्यक्रा भनेको केहो ? स्थानिय पाठ्यक्रमको महत्व लेख्नुहोस । २+३

१०. गाउँपालिकाको स्थानिय पाठ्यक्रम (कक्षा १-५) २०७७ मा समावेश कुनै ५ विषय क्षेत्र उल्लेख गर्नुहोस। ५

११.प्राथमिक उपचार भनेको के हो ? प्राथमिक उपचारको महत्व लेख्नुहोस। २+३

१२. नागरिक शिक्षा भनेको के हो ? नागरिक शिक्षाको महत्व लेख्नुहोस। २+३

समाप्त-

प्रमाणिकरण मितिः २०७९/१०/२३

राजपत्रमा प्रकाशित मितिः २०७९/१०/२४

आज्ञाले,

सुरण प्रसाद शर्मा पौडेल

प्रमुख प्रशासकीय अधिकृत